**राष्ट्रिय मानव अधिकार आयोगको आयोजनामा आयोजित अभिव्यक्ति स्वतन्त्रता र मानव अधिकारको अवस्था छलफल कार्यक्रमा आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्माको Key Note Speech**

यो मन्तव्य पछि गरिने छलफलका लागि उपयोगी र सहभागीहरूका लागि विषयमा केन्द्रित हुने आशा गरेको छु ।

मानिसको जीवनमा बोल्न पाउने र मनमा लागेको कुराको अभिव्यक्त गर्न पाउने अधिकारले अत्यधिक महत्व राख्दछ । मान्छेका हात खुट्टा बाँध्न सकिन्छ । मुख टाल्न सकिएला तर उसको मष्तिष्क भित्र हुने बिचारको आरोह अवरोहलाई कुनै पनि नियम, कानून र बलले रोक्न सक्दैन । बिचार गर्न सक्ने सोच्न सक्ने मान्छेको जन्मसिद्ध गुण हो । विचारहरूले अभिव्यक्ति खोज्नु प्राकृतिक विषय हो । यति हुँदा हुँदै पनि अभिव्यक्ति स्वतन्त्रता लामो समयदेखि बहसको विषय रहदै आएको छ । अभिव्यक्ति स्वतन्त्रताको विषय आधारभुत मानव अधिकारको प्रश्न हो । मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ मा उल्लेख छ : प्रत्येक व्यक्तिलाई बिचार तथा अभिव्यक्तिको स्वतन्त्रता छ । यस अधिकारले बिना कुनै हस्तक्षेप आफ्ना विचार ग्रहण गर्ने र कुनै सिमामा नरही जुनसुकै सञ्चार माध्यमबाट सूचना र बिचारको खोजी गर्ने, प्राप्त गर्ने, तथा सम्प्रेषण गर्ने अधिकारलाई समेत समेट्दछ । अभिव्यक्ति स्वतन्त्रता आम नागरिकको आधारभुत नैसर्गिक अधिकार हो, जसलाई कुण्ठित गर्ने हक कसैलाई हुँदैन । अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताको मान्यतामा गहिरो सम्बन्ध छ । अझ भनौ प्रेस स्वतन्त्रता अभिव्यक्ति स्वतन्त्रताको अभिन्न अंङ्ग नै हो । अभिव्यक्ति स्वतन्त्रतालाई बिचार अभिव्यक्त गर्ने र लेखन स्वतन्त्रताको रुपमा मात्र लिन सकिदैन । यसको दायरा र क्षेत्र व्यापक छ । अभिव्यक्ति स्वतन्त्रताको विश्वव्यापी मान्यता अनुसार आम नागरिकलाई विचार तथा अभिव्यक्तिको पूर्ण स्वतन्त्रता हुनुपर्दछ । समस्त मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि अभिव्यक्ति स्वतन्त्रताको पूर्ण प्रत्याभूति जरुरत हुन्छ ।

नेपालको मानव अधिकारको अवस्थावारे विश्वव्यापी आवधिक समीक्षाको व्यवस्था अनुसार नेपालले यो वर्ष संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषदमा तेश्रो चक्रको समीक्षाका लागि आफ्नो प्रतिवेदन पेश गर्छ । सन् २०११ मा नेपालमा मानव अधिकारको अवस्थाको पहिलो चक्रको समीक्षा भएको थियो र दोश्रो चक्रको समीक्षा सन् २०१५ मा भएको थियो । अब तेश्रो चक्रको ससीक्षा यहि आउँदो नोवेम्बर २०२० मा जेनेभा स्थित संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषदको बैठकमा हुनेछ त्यसका लागि यहि सन् २०२० मा प्रतिवेदनहरू पेश गरिने छ । नेपाल मानव अधिकार परिषदको सदस्य सदस्य राष्ट्र भएको हुँदा यसको गम्भीर जवाफदेहिता छ ।

अहिले नेपालमा मानव अधिकारको स्थिति कस्तो छ ? यहि अवसर हो संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषदमा तथ्यपरक साँचो प्रतिवेदन पेश गरिनु पर्छ । राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको वास्तविक बुझ्न ७ वटा प्रादेशिक कार्यक्रम, १८ वटा जिल्ला कार्यक्रम, ८ वटा विषयगत कार्यक्रम, विश्व व्यापी समीक्षा, UPR को सिफारिसको कार्यान्वयन अवस्था वारे समीक्षा गरेको थियो । उक्त समीक्षाबाट मोटामोटी निम्न तथ्यहरूमा केन्द्रित रहेको देखिन्छ । हामी विस्तृत प्रतिवेदनको तयारीको क्रममा छौं ।

समाजमा अझै पनि वाल विवाह, छाउपडी प्रथा, वालश्रम, वोक्सी प्रथा, महिला हिंसा, मानव बेचबिखन रहेको छ । अझै पनि वालवालिकाहरू शिक्षा, स्वास्थ्य उपचारबाट वञ्चित छन् । जातीय विभेद तथा छूवाछूत, लैङ्गिक तथा अल्पसंख्यक माथि विभेद, नागरिकता प्रदान गर्नमा महिला तथा पुरुषमा विभेद कायमै छ । यी यावत विषयहरूमा राज्यले ध्यान दिन नसक्दा ती वर्ग तथा समुदायका अधिकारहरू सुरक्षित हुन सकेका छैनन् । राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वयन नहुनु, सरकारबाट अपेक्षित सहयोग प्राप्त नहुनु, आयोगले पेश गरेको राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ मा आवश्यक सुधारलाई ४ वर्ष देखि थन्काई आयोगलाई सरकार अन्तरगतको नियन्त्रणमा रहने निकायको रुपमा राख्ने प्रायोजनार्थ सरकारद्वारा आयोगको प्रस्तावित संसोधन संसदमा दर्ता भई आयोगलाई कमजोर तुल्याउने आशंकालाई जिवितै राखिएको छ । संक्रमणकालीन न्याय अझै शंकाको घेरामा छ । पीडितहरू आश्वस्त हुन सकि रहेका छैनन् । सरकार यस विषयमा गम्भीर छैन भन्ने नै दृष्टिकोण छ ।

सरकारको निर्णयलाई केही कालस्थगन गरेको विरुद्ध सरकारले प्रधानन्यायाधीश विरुद्ध संसदमा महाअभियोगको प्रस्ताव दर्ता गर्‍यो । जसमा भ्रष्टाचारको आरोप नभई कार्यपालिकाको निर्णयमा हस्तक्षेप गरेको भन्ने हास्यास्पद आरोपमा महाअभियोग प्रस्ताव ल्याइएको थियो । महाअभियोगको प्रस्ताव पारित हुन संसदको २/३ मत चाहिन्थ्यो जुन सरकारसँग थिएन । प्रस्ताव पारित नहुने निश्चित थियो तर पनि उक्त क्रियाकलापले स्वतन्त्र न्यायपालिकाको मानमर्दन गर्ने उद्देश्य रहेको जस्तो आभाष हुन पुग्यो । व्यापक विरोधले गर्दा महाअभियोग प्रस्ताव फिर्ता भई कार्यपालिका र न्यायपालिकाको अनपेक्षित टकराव चल्यो ।

यसले के देखायो भने संविधानमा सबै असल कुरा र व्यवस्था राख्दैमा संविधान लोकतान्त्रिक वा यसका अंगहरु स्वतन्त्र पुर्वक परिचालन नहुन सक्छ । संविधानका जनक मानिएका राजनैतिकवृत्त र तिनीहरूका दलालहरूद्वारा नै स्वतन्त्रता, मानव अधिकार, कानुनी राज्य र स्वतन्त्र न्यायपालिकालाई क्रमश निश्कृय बनाउन उद्धत हुँदा रहेछन् ।

राजनैतिक दल जुनसुकै कोटीको भए पनि सत्तामा गएपछि शक्तिको मातले मात्तिदो रहेछ भने अंकुश लगाउन सक्ने स्वतन्त्र अदालत समेतलाई त्रसित र निश्कृय पार्ने प्रयासरत हुँदो रहेछ । संविधान अन्तरगतका यस्ता स्वतन्त्र रहनु पर्ने निकायले पाठ पनि सिक्नु पर्छ र चनाखो पनि रहनु पर्छ । बहुदलीय लोकतान्त्रिक व्यवस्थाका राजनैतिक दलहरू विचार र विकासका संवाहक हुन तर शक्तिको मात लागे पछि लोकतन्त्रको नाममा ठूलो तानाशाही संयन्त्रमा परिवर्तन हुन वेर लाग्दैन । नेपालमा एउटा खतरनाक प्रवृत्तिको उदयभई रहेको आभास गरिन्छ त्यो हो ठूला ठूला दल वा तीन दल मिलेर सिण्डिकेट राजनिति गर्ने । सत्ता सिण्डिकेट भित्रै रुमल्लिरहने । शक्ति, श्रोत, भ्रष्टाचार, दण्डहीनता सबैमा सट्टापट्टा गर्ने ।

स्वतन्त्र निकायका निर्णय, सिफारिसहरू अघोषित तरीकाले निश्कृय पारिदिने । यो प्रवृत्ति खतरनाक हो । लोकतन्त्रलाई यसले निल्न बेर लगाउदैन ।

अब के गर्ने ? नागरिक समाज, मानवअधिकारकर्मी संविधानअनुसार स्वतन्त्र रहने निकाय र न्यायपालिका सबै दह्रोसित यस्तो प्रवृत्ति विरूद्ध उभिन पर्छ । राजनैतिक दलहरूमा पनि असल चरित्रहरू छन् तिनीहरूलाई पनि समाहित गर्नुपर्छ । आजको युग विभिन्न विचारधाराको सम्पादन गर्दै अघि बढ्ने खुल्ला प्रतिस्पर्धाको युग हो ।

अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको गहना नागरिक चेतनाको अनिवार्य अवयब, साँचो स्वतन्त्रताको पर्याय र लोकतान्त्रिक व्यवस्थाको मापन गर्ने प्रमुख आधार हो । सिद्धान्ततः अभिव्यक्ति स्वतन्त्रतामा कसैले अंकुश लगाउन सक्तैन भनिए पनि व्यवहारतः अभिव्यक्ति स्वतन्त्रताको अधिकार अनियन्त्रित नै हुन्छ भन्न सकिदैन । यसका पनि सीमाहरु हुन्छन् र नागरिक समाजप्रति निर्वाह गर्नु पर्ने दायित्वहरू हुन्छन् । स्वतन्त्रता कानूनको सीमाभित्र हुनु पर्दछ ।

यति भन्दै अब म छलफललाई अगाडी बढाउँदछु ।

॥ धन्यवाद ॥

२०७६ साल माघ २४ गते